मोलुङ गाउँपालिकाको

नवौं गाउँसभामा अध्यक्ष श्री मणिराज राईद्वारा प्रस्तुत

आ.व. २०७८/०७९ को

# बार्षिक नीति तथा कार्यक्रम

१० असार, २०७८

मोलुङ गाउँपालिका

प्राप्चा, ओखलढुंगा

१ नम्बर प्रदेश, नेपाल

## "कृषि पर्यटन हरियाली वन, समृद्ध मोलुङको खुसियाली मन"

## आ.व. २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम

मोलुङ गाउँपालिकाका उपाध्यक्षज्यू,

वडा अध्यक्षज्यूहरु, कार्यपालिका तथा गाउँ सभाका सदस्यज्यूहरु, राष्ट्र सेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, राजनीतिक दलका पार्टी प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु तथा उपस्थित सम्पूर्ण बुवा, आमा, दाजुभाई तथा दिदीबहिनीहरु,

यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमाय सभामा आर्थिक वर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले धेरै खुशी महशुस गरेको छु। यस गौरवपूर्ण अवसरमा नेपाली नागरिकहरुको स्वतन्त्रता तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथसाथै राजनीतिक, सामाजिक र आर्थिक परिवर्तनमा नेतृत्त्वदायी भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु ।

मोलुङ गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, बहुलवादी खुला समाज, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा गाउँपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै मोलुङ बासीले गर्न सकून भन्नेमा हामीहरु अत्यन्त सचेत छौं ।

महामारीको रुपमा विश्वमा फैलिएको कोरोना भाइरस कोभिड -१९ को संक्रमणबाट मावन जाति माथि अकल्पनीय संकट आई परेको छ। कोभिड -१९ को संक्रमणबाट हाम्रो मोलुङ गाउँपालिका पनि अछुत रहन सकेन। आजको मितिसम्म त्यति ठूलो मानवीय क्षति नभए पनि कोभिड-१९ को कारणले मोलुङ बासीको जीवन निकै कष्टकर भएको छ । कोरोना महामारीको संक्रमण रोकथाम तथा नियन्त्रणको लागि मोलुङ गाउँपालिकाले आफ्नो स्रोत साधन र क्षमताको भरपुर उपयोग गर्दै आईरहेको छ । यस बिषम परिस्थितिमा मोलुङ गाउँपालिकाका सवै राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत, सुरक्षा निकाय र मोलुङ गाउँपालिकाका शुभ चिन्तक सबैको साथ र सहयोगको अपेक्षा गरेका छौं ।

गरिमामय सभाका सम्पूर्ण सदस्यज्यूहरु,

आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रमको लक्ष्य **"कृषि पर्यटन हरियाली वन, समृद्ध मोलुङको खुसियाली मन"** रहेको छ । यो नीति तथा कार्यक्रम सङ्घीयताको कार्यान्वयनसँगै सिंहदरबारको अधिकार जनताको बीचमा पुऱ्याउन कोशेढुङ्गा सावित हुने अपेक्षा गरिएको छ ।

अव म चालु आर्थिक वर्षमा सम्पादन भएका महत्त्वपूर्ण क्रियाकलापहरूलाई बुँदागत रूपमा पेश गर्ने अनुमति चाहन्छु ।

- आ.व. ०७७/०७८ मा यस गाउँपालिकाको कूल बजेट रू.३५ करोड ५१ लाख ७५ हजार ३ सय ५० मध्ये अहिले सम्म ६०% भन्दा बढी खर्च अभिलेखीकरण भइसकेको र अन्त्य सम्ममा ९०% कार्यान्वयन हुने जानकारी गराउन चाहन्छु,
- विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण रोकथाम तथा नियन्त्रणको लागि स्वास्थ्य क्षेत्रको सुदृढीकरण, स्वास्थ्य कर्मीको मनोबल उच्च बनाउने, आवश्यक स्वास्थ्य र सुरक्षाका सामाग्रीको व्यवस्था गरिएको छ,
- कोरोना भाइरसबाट सङ्क्रमित मोलुङबासी नागरिकलाई स्वास्थ्यकर्मिको उपस्थितिमा घरघरमा पुगी भिटामिनयुक्त औषधि वितरण तथा रोग लाई जित्न उच्च मनोवल बढाउने कार्य नियमित रुपमा गरिएको छ,
- अस्थायी कोभिड अस्पतालको लागि एक MBBS चिकित्सक सहितको सेवा वडा नं २ मा सञ्चालन गरिएको छ,
- शिक्षा क्षेत्रमा गाउँपालिकाले स्वयम् सेवक शिक्षकको व्यवस्था मिलाई गुणस्तरिय शिक्षण सिकाईमा सहजीकरण गरिएको छ,
- मोलुङ गाउँपालिकाको केन्द्रमा रहेको शिवदुति मा.वि. प्राप्चामा प्राविधिक धार तर्फको सिभिल इन्जिनियरिङ कक्षा (९-१२) संचालन गरिएको छ,
- माध्यमिक तहका विद्यालयहरुलाई सूचना प्रविधिको पहुँचमा ल्याउन इन्टरनेटको व्यवस्था साथै आधारभूत विद्यालयहरुलाई कम्प्युटर, प्रिन्टरको व्यवस्था गरिएको छ,
- गाउँपालिका क्षेत्रभित्र नयाँ सडकहरुको निर्माण, सडकको स्तरोन्नति जस्ता कार्यहरुमा लक्ष्य अनुरुप उपलव्धि हाँसिल गरिएको छ,
- राष्ट्रिय स्तरका सडकहरु सङ्घीय सरकार, प्रदेश सरकारसँगको सहकार्यमा E-Bid मार्फत ठेक्का सम्झौता भई निर्माण कार्य अघि बढिरहेको छ,
- ५ सैयाको अस्पताल भवन निर्माणको लागि जग्गा व्यवस्थापन भई निर्माण कार्य अगाडि बढिरहेको जानकारी गराउन चाहन्छु,
- गाउँपालिकाको प्रशासकीय भवनको लागि आवश्यक जग्गा व्यवस्थापन संगै बृस्तृत परियोजना प्रतिवेदन सहित प्रशासकीय भवन निर्माणको पहल भइरहेको छ,
- साना सिंचाई कार्यक्रम अन्तर्गत विभिन्न स्थानमा कूलो निर्माण गरी कृषकलाई सिंचाईको सुविधा दिने निरन्तरता दिइएको छ,
- ससर्त अनुदान मार्फत सञ्चालित कार्यक्रमहरु (गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण, राष्ट्रिय पञ्जीकरण, प्रधानमन्त्री रोजगार) मा पर्याप्त कर्मचारीको व्यवस्थापन गरी कार्यक्रमहरु सञ्चालन भइरहेका छन्,

- विपन्न नागरिक, जटिल प्रकारका विरामीहरु, विपदमा परेका नागरिकलाई आर्थिक सहायता लगायतका सहयोग गरिदै आएको छ,
- व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा प्रणालीलाई अनलाईन विधिबाट गर्ने व्यवस्था गरिएको छ,
- नियमितरुपमा सूचनाको हक कार्यान्वयन सम्वन्धि प्रगति विवरण (स्थानीय तहले स्वतः प्रकाशन गर्नु पर्ने Proactive Discloser) प्रकाशन गरी सम्वन्धित निकायमा समेत प्रेषण गर्ने गरिएको छ,
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई बैंकिङ प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ,
- CBR कार्यक्रमसँगको सहकार्यमा फरक क्षमता भएका नागरिकलाई सहायता तथा अभिमूखीकरण गरिएको छ ।

**उपस्थित महानुभावहरु,**

अब म यस गाउँपालिकाको आ.व २०७८/०७९ को आर्थिक विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**<u>कृषि तथा पशुपन्छीः-</u>**

मोलुङ गाउँपालिकामा तराईदेखि पहाडसम्मको हावापानी पाइने हुँदा परम्परागत कृषि प्रणालीको विकल्पको रुपमा आधुनिक कृषि प्रणाली अपनाउने, कृषिमा व्यवसायीकरण, बजारीकरणका साथै कृषि क्षेत्रमा देखिएका समस्यालाई समाधान गर्दै उन्नत जातको मल, बिउ, तथा प्रविधिको विस्तारमा सहयोग गर्ने नीति समावेश गरिएको छ ।

- बाँझो जमिन राख्न नपाईने नीतिका साथै सबै जमिनलाई कृषि उत्पादनमा प्रयोग गरिने छ। त्यस्ता जमिनमा कृषि उत्पादन गर्नेलाई बिशेष अनुदान तथा प्रोत्साहनको लागि प्रदेश तथा सङ्घीय सरकारलाई सिफारिस गरिने छ,
- कृषक समुहहरुलाई सक्रिय बनाई कृषक समुह दर्ता प्रणालीलाई व्यवस्थित बस्तुनिष्ठ बनाउँदै लगिने छ,
- सामूहिक पशु फार्म सञ्चालनलाई गाँउपालिकामा दर्ता गर्न प्रोत्साहन गरिने छ,
- प्रत्येक वडा स्तरमा कम्तिमा एक कृषि श्रोत व्यक्तिको व्यवस्थालाई निरन्तरता दिँदै लगिने छ,
- सहकारी कृषि प्रणालीलाई प्राथमिकतामा राखिने छ,
- युवा जनशक्तिलाई कृषि पेशाप्रति आकर्षित गर्न व्यवहारिक कृषि ज्ञान, सीप, तालिम र उचित अनुदानको व्यवस्था गरिने छ,
- टोल-टोलमा प्राविधिक, विषेशज्ञ सेवा कार्यक्रम लागू गर्न एक वडा एक कृषि तथा पशु प्राविधिकको व्यवस्था गरिने छ,

- कृषिको उत्पादन तथा उत्पादकत्त्व वृद्धिका लागि कृषि सामग्री, औजार उपकरण, उन्नत जातका बिउ, बिजन तथा उन्नत प्रविधिको विस्तार गरिने छ,
- कृषिको सम्भावना, आवश्यकता र प्राविधिक उपयुक्तताका आधारमा एक वडा एक उत्पादनको नीति लिइने छ,
- गाउँपालिका भित्रका सम्पूर्ण कृषकको पोषणमा सुधार ल्याउनका लागि एक घर एक करेसावारी कार्यक्रम लागू गरिने छ,
- बाली बिरुवामा वढ्दो रोग तथा किरालाई व्यवस्थापनका लागि बाली उपचार कार्यक्रमलाई विस्तार गरिने छ,
- खाद्यान्य उत्पादनका साथसाथै फूल खेती, अलैची, किवी, अकवरे, अदुवा, वेसार खेती तथा माछा र मौरी पालन क्षेत्रमा लगानी वृद्धि गरिने छ,
- दुध, फूल, माछा, मासुमा आत्मानिर्भर बनाउनका लागि पशुपालन व्यवसायलाई व्यवसायीकरण गरिने छ,
- आलुको उत्पादन तथा भण्डारणका लागि रस्टिक स्टोर निर्माण तथा आलु ढुवानीमा अनुदान उपलब्ध गराईने छ,
- बाख्रा पकेट स्थापना तथा वाख्रा मिसन कार्यक्रम सञ्चालन गर्नका लागि डाले घाँस तथा भुइघाँस वितरण, च्याप क्वाट वितरण लगाएतका कार्यक्रम सञ्चालन गरिने छ,
- वैदेशिक रोजगारबाट फर्केका युवा कृषकलाई कृषि पेशामा आवद्ध हुनका लागि उचित तालिमको व्यवस्था गरिने छ,
- बेमौसमि कृषि उत्पादन तथा तरकारी खेतीलाई प्राथमिकता दिईने छ ।

**<u>सहकारी :-</u>**

- गाउँपालिका भित्रका सहकारी संस्थाहरुलाई उत्पादनशील र रोजगारी सृजना गर्ने कार्यक्रम तर्फ प्रोत्साहित गरिने छ,
- सहकारीको अनुगमन निरीक्षण गरी वित्तीय सुशासन कायम गर्न जोड दिइने छ,
- सहकारीको माध्यमबाट व्यवसायिक कृषि, घरेलु तथा साना उद्योगको स्थापना गरी नागरिकहरुको जीवन स्तर उकास्ने नीति लिइने छ,
- राज्यको ३ खम्बे अर्थ नीति अनुसार गाउँमा छरिएर रहेका स्रोत साधनहरुलाई एकीकृत गर्दै रोजगारी सृजना गर्न सहकारी क्षेत्रसंग आवश्यक समन्वय र सहकार्य गरिने छ,
- गाउँपालिका भित्र रहेका सहकारीलाई एकिन गर्ने र संचालनमा एक रुपता ल्याउने सहकारी-सहकार्य नीति लिइने छ ।

**संस्कृति तथा पर्यटनः-**

- पर्यटनको प्रचुर सम्भावना रहेको यस गाउँपालिकामा तिनतले पहाड पर्यटकीय क्षेत्रको अध्ययन गरी पूर्वाधार विकास गर्दै पर्यटनलाई रोजगारीको श्रोतको विकास गर्ने नीति अपनाईने छ ,
- सेप्ली झरनाको पर्यटकीय पूर्वाधार निर्माण गरी बृहत सांस्कृतिक पर्यटकीय महोत्सवको आयोजना गरिने छ ,
- गाउँपालिकामा रहेका मन्दिर, देवीस्थान र गुम्बाहरुको मर्मत संभार तथा संरक्षण गरिने छ,
- पर्यटनको सम्भावना रहेका यस गाउँपालिकामा पर्यटकीय क्षेत्रहरुको अध्ययन गरी पूर्वाधार विकास गर्दै पर्यटनलाई रोजगारी सृजना गर्ने नीति अपनाईने छ,
- कुन्तादेवी कोटगडी र जलजलेश्वर त्रिवेणी धाम लगायतका धार्मिक एवंम पुरातात्विक संस्कृतिको महत्त्व बोकेका क्षेत्रहरुको संरक्षण गर्दै धार्मिक पर्यटनको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण गर्दै लगिने छ,
- थानी ढुँगा, रामपुरलाई छोटो दुरीको पर्यटकीय पदमार्गको रुपमा विकास गरिने छ,

**उद्योग तथा वाणिज्यः-**

- मोलुङ गाउँपालिका वडा नं. ६ श्रीचौरमा उद्योग ग्रामको पूर्वाधार विकास गरी यथाशिघ्र उद्योग ग्रामलाई संचालनमा ल्याईने छ,
- गाउँपालिकामा स्थानीय श्रम, सीप र प्रविधिमा आधारित लघु उद्योगहरु स्थापना गराउन लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को प्रभावकारी कार्यान्वयन गरिने छ ,
- परम्परागत कुटी र उद्योगहरुको संरक्षण र विकास गर्न उचित पहल गरिने छ,
- लघु उद्यमीहरुको सीप विकास गरी लघु उद्योगको माध्यमबाट रोजगारीको सृजना गरी मोलुङका उद्यमिहरुलाई आत्मनिर्भर बनाउदै लगिने छ,
- लक्षित वर्गको आय आर्जनमा टेवा पुग्ने कार्यहरु सञ्चालन गरी रोजगारी सृजना गर्ने नीति लिइने छ,
- उपभोक्ता हितको संरक्षण गर्न समय समयमा बजार अनुगमन गर्ने कार्यहरुलाई निरन्तरता दिइने छ,
- उद्यमशीलतालाई प्राथमिकतामा राखी स्व-उद्यमी बन्न तथा उद्योगबाट आत्मनिर्भर हुन प्रोत्साहन गर्ने नीति लिइने छ,
- औषधिजन्य जडिबुटीहरुको खोज अनुसन्धान गरि निर्यात गर्ने निति लिइनेछ ।

**वित्तीय क्षेत्र र वित्तीय व्यवस्थापनः-**

- नागरिकलाई बैंकिङ्क सेवामा पहुँच अभिबृद्धि गर्न गाउँपालिका भित्र स्थापित बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घर दैलोसम्म पुग्ने वातावरण सृजना गरिने छ,
- वित्तीय क्षेत्रहरुलाई पूँजी निर्माण हुने, उत्पादनशील क्षेत्र र रोजगारी सृजना हुने क्षेत्रहरुमा लगानी गर्न उपयुक्त वातावरण सृजना गरिने छ,
- प्रत्येक व्यक्तिलाई अनिवार्य रुपमा खाता खोली बचत गर्ने बानीको विकास गर्न उत्प्रेरित गरिने छ,

- बाणिज्य बैंक, विकास बैंक, फाइनान्स, लघु वित्त र सहकारीमा निष्कृय रहेको पूजीलाई उत्पादन मूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ,
- गाउँपालिकाले **Cash Less** नीति अनुरुप बैंकिङ कारोबारमा प्रोत्साहन गर्ने नीति लिइने छ,
- गाउँपालिकाको आर्थिक कारोवारहरुलाई पारर्दशी र चुस्त बनाउन अनलाइन प्रविधि **SUTRA** ,CGAS मार्फत गर्ने कार्यलाई निरन्तरता दिईने छ,
- सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइने छ,
- आन्तरिक लेखा परीक्षण प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाई लेखा नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउदै लगिने छ।

**उपस्थित महानुभावहरु,**

अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७८/०७९ को सामाजिक विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**शिक्षाः-**

- गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालयहरुमा सूचना प्रविधिको पहुँच विकास गर्न सम्पूर्ण विद्यालयमा इन्टरनेट सुविधा बिस्तारको कार्य प्रारम्भ गरिने छ,
- यस गाउँपालिकामा रहेका दुई विद्यालयमा संचालित प्राविधिक धारको शिक्षालाई थप व्यवस्थित गराउन आवश्यक थप संयन्त्रलाई मजबुत बनाउदै लगिने छ,
- विद्यालयमा संचालन हुने परीक्षालाई मर्यादित, व्यवस्थित, बस्तुनिष्ठ, विश्वसनीय र प्रतिस्पर्धी बनाउदै लगिने छ,
- **"जँहा विद्यार्थी त्यहा शिक्षक"** अभियानलाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा विद्यालयलाई समायोजन गर्ने र कक्षा घटाउदै लगिने छ,
- विद्यालय निरीक्षण तथा सुपरिवेक्षणमा बिभिन्न निकायको भूमिकालाई थप प्राथमिकतामा राखी निरीक्षण तथा सुपरिवेक्षण कार्यलाई थप व्यवस्थित गराइने छ ।
- गाउँपालिका भित्रका सवै सामुदायिक तथा निजी विद्यालयहरुको नियमित रुपमा अनुगमन र मुल्याङ्कन गरी शैक्षिक गुणस्तरमा सुधार गरिने छ,
- हरेक विद्यालयहरुमा विद्यार्थीको आन्तरिक क्षमता तथा प्रतिभा पहिचानसँग सम्वन्धित अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरी विद्यार्थीहरुको चौतर्फी विकासमा टेवा पुऱ्याउने नीति लिइने छ,
- सामुदायिक विद्यालयहरुमा जनप्रतिनिधि, कर्मचारी, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरुका सन्ततिलाई भर्ना गर्न उत्प्रेरित गरिने छ,
- सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि प्रदान गरिने छात्रवृत्ति वितरणलाई थप व्यवस्थित र पहुँचयोग्य बनाईने छ,
- गाउँपालिकाको छुट्टै शैक्षिक क्यालेण्डर प्रकाशन गरिने कार्यलाई निरन्तरता दिइने छ,

- गाउँपालिकाको उच्च शिक्षाको एक मात्र केन्द्र शहिद आदर्श क्याम्पसको उन्नति प्रगतिमा हरसम्भव प्रयास गर्दै स्नातकोत्तर तहको अध्ययन आध्यापन सुरु गराउन पहल गरिनेछ ,
- विद्यालयको भौतिक संरचनालाई भू-कम्प प्रतिरोधी, अपांग मैत्री, बाल मैत्री बनाउने नीति लिईने छ,
- नेपाल सरकारबाट प्राप्त हुने शसर्त अनुदानका विविध कार्यक्रमहरुलाई सम्पूर्ण विद्यालयको पहुँचमा पुऱ्याई नतिजामा आधारित प्रणाली अनुसार अनुगमन र मूल्याङ्कनको माध्यमबाट व्यवस्थित गराइने छ,
- IEMIS मा सम्पूर्ण विद्यालयहरुको पहुँच बृद्धि गरी तथ्याङ्क व्यवस्थित गराउने कार्यलाई निरन्तर र नियमित रुपमा अध्यावधिक गराइने छ ।

**स्वास्थ्यः-**

- स्थानीय सरकारको आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने अधिकार स्वरुप जनताको मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवालाई सुदृढ र गुणस्तरीय बनाईने छ,
- बालबालिकाहरुको स्वास्थ्यलाई मध्यनजर गरी खोप, पोषण, भिटामिन 'ए' आदि जस्ता कार्यक्रमलाई प्रभावकारी बनाउदै लगिने छ,
- रामपुर अस्पतालमा जिल्ला कै नमुना अत्याधुनिक नमूना प्रयोगशाला सहितको प्रसुति गृह निर्माण गरिने छ ।
- आवश्यक स्थानमा खोप केन्द्र भवन स्थापना गर्दै गत बर्ष निर्माण भएका खोप केन्द्रको भौतिक संरचनालाई थप व्यवस्थित गरिने छ,
- प्रत्येक नागरिकले कम्तिमा पनि बर्षको एक पटक स्वास्थ्य परिक्षण गर्ने र रोग पहिचान भएका व्यक्तिको समयमै उपचार गराउन सहजिकरण गरिने छ,
- आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैर सरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ,
- सङ्घीय सरकारको सहलगानिमा १५ शैयाको अस्पताल स्थापना गर्ने महत्त्वपूर्ण कार्यलाई प्राथमिकताको साथ कार्यान्वयन गरी अस्पतालको निर्माण कार्यलाई छिटै पूर्णता प्रदान गरिने छ,
- स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाढि बढाईने छ,
- महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई अझ प्रभावकारी बनाउन प्रोत्साहन भत्तालाई निरन्तरता दिदै अभिमूखीकरण तालिम संचालन गरिने छ,
- मातृशिशु स्वास्थ्यमा सुधार ल्याउन गाउँपालिकामा परिचालित सरकारी, गैरसरकारी संस्थाका कार्यक्रमहरुलाई परिणाममुखी र प्रभावकारी बनाइने छ,
- मातृशिशु स्याहार तथा मृत्युदरमा उल्लेख्य कमी ल्याई मातृ शिशुको स्वास्थ्य स्तर सुधार्न बर्थिङ सेन्टरलाई व्यवस्थित गरी २४ सै घण्टा सेवा प्रदान गर्ने व्यवस्थालाई थप व्यवस्थित गरिने छ,
- प्रजनन् स्वास्थ्य सुरक्षित मातृत्व जस्ता कार्यक्रमलाई प्रभावकारी बनाई किशोर किशोरीलाई आवश्यक सेवा परार्मश कार्यक्रमलाई प्राथामिकताका साथ संचालन गरिने छ,

- अपाङ्गता भएका नागरिक तथा ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँचमा बिशेष प्राथामिकताका साथ सेवा प्रवाह गरिने छ,
- नेपाल सरकारले निःशुल्क रुपमा उपलब्ध गराउन सूचिकृत गरेका औषधिहरु निःशुल्क रुपमा बर्ष भरि उपलब्ध गराउन आवश्यक पहल गरिने छ,
- स्वास्थ्य इकाईलाई स्वीकृतिको लागि प्रदेश एबम् संघीय सरकारसँग माग गरी स्वास्थ्य इकाई थप व्यवस्थित बनाउन पहल गरिने छ,
- प्रत्येक माध्यमिक विद्यालयमा किशोरीहरुलाई आइपर्ने समस्या समाधानको लागि उचित परामर्श सहितको सेवा उपलव्ध गराईने छ,
- योग शिबिर तथा नसर्ने रोग व्यवस्थापन गर्न आयुर्बेद गाउँघर क्लिनिक संचालनलाई निरन्तरता दिईने छ,
- पूर्णखोप सहितको दिगोपना कार्यक्रमलाई निरन्तरता दिईने छ,
- पाठेघर खस्ने समस्या भएका महिलाहरुको लागि स्क्रीनिङ क्याम्प सञ्चालनलाई निरन्तरता दिईने छ,
- परिवार नियोजन सेवा अन्तर्गत लामो जन्मान्तरका साधनहरुलाई पहुँचयोग्य र सशक्त बनाइने छ,
- माहामारी तथा प्रकोपजन्य रोगहरुको नियन्त्रणका लागि **Act Immediate** को अवधारणा लागू गरिने छ,
- मानसिक स्वास्थ्य समस्या भएका बिरामी तथा अभिभावकहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरी मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

<u>**वातावरण, खानेपानी तथा सरसफाईः-**</u>

संविधानले व्यवस्था गरेको स्वच्छ, सफा खानेपानी सम्बन्धी मौलिक हकको प्रत्याभुत गर्न वातावरण, खानेपानी तथा सरसफाईलाई आगामी आ.व. मा प्राथमिकताका साथै थप व्यवस्थित बनाउदै लगिने छ

- खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको यस गाउँपालिकामा यसको थप प्रभावकारी कार्यान्वयन गर्ने तथा स्वास्थ स्वच्छ वातावरण कायम गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ,
- खानेपानी मुहानहरुको पहिचान, संरक्षण गरी मुहान दर्ताको कार्यलाई निरन्तरता दिईने छ,
- बजार क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोर विर्सजन (डम्पिङ साइड) को व्यवस्था गरी बजार क्षेत्रलाई सफा तथा सुन्दर बनाइने छ,
- गाउँपालिका क्षेत्र भित्र रहेका वनजङ्गलहरुको संरक्षण गर्ने साथै जलधार संरक्षण, भू-संरक्षण र जल उत्पन्न प्रकोप नियन्त्रणको लागि उचित पहल गरिने छ,
- फोहोरलाई कुहिने र नकुहिने फोहोरको रुपमा बर्गीकरण गरी उपयुक्त स्थानमा व्यवस्थापन गर्न सहयोग पुऱ्याउने कार्यक्रमहरु संचालन गरिने छ,
- सडकहरुमा चल्ने सवारी साधनबाट निष्कने फोहोरलाई न्युनीकरण र नियन्त्रण गर्न निश्चित स्थानमा विसर्जन गर्ने व्यवस्था मिलाइने छ ।

**द्वन्द्व व्यवस्थापनः-**

- विभिन्न कारणबाट सिर्जित सामाजिक विवाद, झगडा तथा द्वन्द्वलाई सामाजिक मेलमिलापकर्ता तथा न्यायिक समितिबाट न्याय निरुपण तथा मेलमिलाप गरिने छ,
- प्रत्येक वडामा संचालित मेलमिलाप केन्द्रलाई थप व्यवस्थित बनाउदै वडा तहमा नै मेलमिलाप गरी विवाद समाधान गर्ने नीति लिइने छ,
- नैतिक शिक्षालाई विद्यालय तहबाटै थप व्यवस्थित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ,
- सामाजिक विभेद, बहिस्कार र अन्याय गर्नेलाई निरुत्साहित गरी सामाजिक अभियानकर्ताहरुलाई उत्साहित तथा पुरस्कृत गरिदै लागिने छ ।

**लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणः-**

मोलुङ गाउँपालिकामा रहेको प्रत्येक योजना नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गर्ने पक्षमा लैङ्गिक समानता र सामानिक समाबेशीकरणको नीति अपनाईने छ ।

**महिला शसक्तीकरण र रोजगारीः-**

- राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रमको माध्यमबाट अति विपन्न तथा पछाडि पारिएका समुदाय (कोभिडबाट प्रभावित समेतको) जिविकोपार्जन सूधार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरी महिलाहरुको लागि कृषि तथा पशु पालन क्षेत्र, पर्यटन क्षेत्र र गैर कृषि क्षेत्रमा काम गर्ने गरी लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महिलाहरुमाथि हुने सबै खाले हिंसाको अन्त्य गर्न सामाजिक संघ संस्थाहरु, शैक्षिक संस्था तथा सरकारी निकायसँग समन्वय गर्ने, चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्यलाई थप निरन्तरता दिईदै लगिने छ,
- सुत्केरी भेट, पोसिलो खानेकुरा वितरण जस्ता कार्यलाई थप व्यवस्थित बनाउदै लगिने छ,
- प्रत्येक वर्ष झैं अन्तर्राष्ट्रिय नारी दिवस (मार्च ८) लाई भव्य रुपमा मनाइने छ ।

**युवा तथा खेलकुद**

**"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** को नीति अनुरुप मोलुङ गाउँपालिकाले युवा तथा खेलकुद क्षेत्रमा निम्न नीति अवलम्बन गर्नेछ ।

- पालिकाका सबै वडाहरुमा युवा क्लबको गठन गरी विपद् व्यवस्थापन तथा स्वयंसेवी कार्य र सामाजिक जागरणका अभियानहरुमा युवा परिचालन गरिने छ,

- वैदेशिक रोजगारीबाट फर्केका र अन्य वेरोजगार युवाहरुलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरी सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजीकरण गर्दै स्वरोजगार र रोजगारीका थप अवसरहरुको सृजना गरिने छ,
- कम्तिमा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम कार्यान्वयन गरिने छ,
- नमूना युवा सांसदको अभ्यास मार्फत युवाहरुमा नेतृत्व विकास र सहभागिताको अवसर उपलब्ध गराईने छ,
- पालिकाको अगुवाईमा जिल्ला स्तरमा युवा प्रतिभाहरुको खोजी गरी प्रतिस्पर्धाबाट अब्बल ठहरिएका युवाहरुलाई प्रोत्साहित गरिने छ,
- युवा डाटा बैंकको स्थापना गरिने छ,
- युवा सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय युवा परिषद र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ,
- रामपुर खेल मैदानलाइ पालिका स्तरिय खेल मैदानको रुपमा विकास गर्न सङ्घीय सरकार तथा प्रदेश सरकार संग सहकार्य गरिने छ।

**<u>श्रम तथा रोजगारः-</u>**

- यस गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रमको माध्यमबाट रोजगारीकै लागि बिदेशिनु पर्ने बाध्यत्मक परिस्थितिको अन्त्य गर्दै स्वदेश मै स्थानीय स्रोत साधनको उपयोग गरी ब्यापक रोजगारी सृजना गर्न EMIS प्रणालीमा बेरोजगार ब्यक्तिको नाम सूचिकृत गरी थप व्यवस्थित गरिने छ,
- युवा रुपान्तरणका लागि पहल आयोजना अन्तर्गत न्युनतम १०० दिनको रोजगारी दिन सबै वडासँग समन्वय गर्ने र रोजगार सेवा केन्द्रको सुदृणीकरण गर्ने काम अघि बढाईने छ,
- संविधान प्रदत्त रोजगारी सम्बन्धी मौलिक हकको प्रत्याभुत गर्न कार्यविधि बनाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग समन्वय गरी निरन्तर रोजगारीको सृजना गरिने छ,
- स्थानीय स्तरमा उत्पादित वस्तु तथा सेवाको उपभोगलाई प्राथमिकता दिई उत्पादकत्त्व अभिबृद्धि, गरी रोजगारी सृजना र आय आर्जन बृद्धिमा जोड दिइने छ,
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्त्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिने छ,
- सामाजिक विभेदीकरणमा परेका र लक्षित बर्गलाई ध्यानमा राखी कार्यक्रमको निर्माण गरिने छ,
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिने नीति लिईने छ,
- आन्तरिक रोजगारी सृजना गर्न सरोकारवाला निकाय र निजी क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईने छ,
- युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिने छ,

- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पूर्वाधार निर्माण, कृषि, ब्यवसायिक, उद्योग, वित्तीय क्षेत्रवाट रोजगारीको सिर्जना गरिने छ,
- पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ,
- युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनालाई थप सशक्त रुपमा कार्यान्वयन गरिने छ,
- बैदेशिक रोजगारीबाट फर्केका, रोजगारी गुमाएका युवाहरुको सीप र क्षमताको भरपुर उपयोग गरी रोजगारी र विकास दुबैलाई महत्त्वका साथ कार्यान्वयन गरिने छ,
- कुनै पनि काम ठूलो या सानो हुदैन भन्ने भावनाको जागृति गराई कामको सम्मान गर्ने परिपाटीको निर्माण गर्दै स्वरोजगार उन्मुख जिवनशैली, उपर्युक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको थप व्यवस्थापनको नीति हुनेछ ।

उपस्थित महानुभावहरु,

अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७८/०७९ को पूर्वाधार विकास तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**<u>सडक तथा पूलः-</u>**

- सैमल-कोर्नाम-बिल्दु- ठाडे हुँदै यस गाउँपालिकालाई छिमेकी जिल्ला सोलुखुम्बू जोड्ने सडक आयोजनाको स्तरोन्नति गरिने छ,
- थुम्की-गोपे हुँदै धार्मिक पर्यटकीय स्थल ककनी जोड्ने धार्मिक पर्यटकीय सडक निर्माण कार्यलाई निरन्तरता दिईने छ ।
- पर्यटकीय गन्तब्य सेप्लीमा झोलुङ्गे पूल, घट्टेखोला भुलभुले, घट्टेखोला घलेगाउ र धोविखोला झोलुङ्गे पूल गरी ४ वटा पूलको निर्माण गरिने छ,
- गाउँपालिकाका सडकहरुलाई पालिका स्तरीय सडक, वडा स्तरीय सडक र अन्य सडकको रुपमा बर्गीकरण गरी सडकहरुलाई नियमित मर्मत तथा स्तरोउन्नति गरिदै लगिने छ,
- सडक निर्माण र मर्मत कार्य गर्दा आवश्यकता र औचित्यताको अध्ययन गरी वातावरणीय प्रभाव मूल्याङ्कन अनुरुप सडक योजना छनौट गरिने छ ।

**<u>सिँचाईः-</u>**

- मोलुङ गाउँपालिका भित्रका मूख्य खेती योग्य फाँटहरु जरायटार, रामपुरटार लगायतका स्थानमा सम्भाव्यता अध्ययन गरी सिंचाईको व्यवस्था गरिने छ,

- बेमौसमी तथा हिँउदे तरकारी खेतीको लागि प्लाष्टिक पोखरी थोपा सिंचाई निर्माण गरी सिंचाइको प्रवन्ध गर्ने नीति लिइने छ ।

**<u>जलविद्युतः-</u>**

- मोलुङ गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा केन्द्रीय प्रसारण लाईन वितरण तथा प्रशारण गर्न आवश्यक पहल गरिने छ,
- मूख्य सडकको आसपास, चोक लगायत मूख्य बजार क्षेत्रहरुमा सौर्य सडक वत्तीको व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइने छ,
- विद्यालय, स्वास्थ्य चौकी, पर्यटकीय तथा धार्मिक स्थलमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको सहकार्यमा सौर्य वत्ती जडान गर्ने नीति लिइने छ,
- गाउँपालिका स्तरीय लघु जलविद्युत आयोजनाहरुको संरक्षण गर्ने नीति अपनाईने छ ।

**<u>भवन तथा शहरी विकासः-</u>**

- मोलुङ गाउँपालिका भित्र कुनै पनि भौतिक पूर्वाधार निर्माण गर्दा गाउँपालिकाको पूर्वाधार व्यवस्थापन ऐन वमोजिम स्विकृति लिनु पर्ने व्यवस्थालाई प्रभावकारी रुपमा लागू गरिने छ,
- गाउँपालिका क्षेत्रभित्र व्यवसायिक वा आवासीय घर निर्माण गर्दा गाउँपालिकाबाट अनिवार्य नक्शा पास तथा अनुमति लिएर मात्र भवन तथा घर निर्माण गर्नु पर्ने व्यवस्थालाई काडाईका साथ लागू गरिने छ,
- एकिकृत बस्ती विकास कार्यक्रमलाई अन्य वडामा पनि सञ्चालन गर्ने व्यवस्था गर्न आवश्यक पहल गरिने छ ।

**<u>सुचना प्रविधि तथा सञ्चारः-</u>**

- मोलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, सम्पूर्ण वडा कार्यालयहरु, विद्यालय र स्वास्थ्य संस्थामा ब्रोड ब्याण्ड इन्टरनेट सेवा जडान गरी कम्तिमा २० एमबिपिएस क्षमताको नन् डेडिकेटेड ब्रोड ब्याण्ड सेवा पुऱ्याईने छ ।
- गाउँपालिकाका प्रत्येक वडाहरुमा गुणस्तरयुक्त Free Wifi सेवा सहितको इन्टरनेट बिस्तार गर्दै लगिने छ,
- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधा, कार्यक्रम, सूचना प्रवाह प्रणालीलाई प्रभावकारी र पारदर्शी बनाउनको लागि WEBSITE (वेवसाईट), Mobile App (मोबाईल एप) मार्फत समयमा सार्वजनिक गर्ने र अनलाइन सेवा प्रवाहलाई थप व्यवस्थित गरिने छ,
- वडा कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट प्रेषण तथा सुचना आदान प्रदान गर्ने प्रणालीलाई थप प्रभावकारी पारिने छ,

**वन तथा भू-संरक्षणः-**

- मोलुङ गाउँपालिका भित्रका परम्परागत रुपले व्यवस्थापन हुँदै आएका सामुदायिक वनलाई बिभिन्न काष्ठजन्य, कृषिजन्य, गैरकाष्ठजन्य कच्चा पदार्थ उत्पादन स्थलको रुपमा विकास गर्ने नीति लिइने छ,
- गाउँपालिकाको क्षेत्र भित्र रहेका सार्वजनिक जग्गा खाली जग्गा र भिर पाखाहरुमा बृक्षारोपण गर्ने नीति लिईनेछ,
- वनक्षेत्रमा उपलब्ध हुने चिराइतो, मछिनो, अम्रिसो, कुरीलो, वेदबाँस जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेतीतर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईने छ,
- भू-क्षय नियन्त्रण तथा जग्गा विकास, जलाधार संरक्षण, जैविक विविधता संरक्षण आदिमा विशेष ध्यान दिइने छ,
- सामुदायिक वनलाई पर्यटन उद्यम प्रवर्द्धन गर्ने नीति लिइने छ।

**जलाधार संरक्षणः-**

- मुहान तथा पोखरीहरुको संरक्षण गरी रिर्जभ सिस्टममा ध्यान पुर्याइने छ,
- मोलुङ खोलामा जलाधारको समग्र उपयोगका लागि माछापालन, र सिंचाई वहुउद्देश्यीय सम्भाब्यता अध्ययन गरी प्रतिवेदन तयार गरिने छ,
- गाउँपालिका भित्र रहेका खानेपानी तथा सिंचाईको मुहान पहिचान गरी मुहान दर्ता गराई त्यसको संक्षरण सम्बर्द्धन र व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

**वातावरण संरक्षणः-**

- नेपाल सरकारले तयार गरी लागू गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार यस गाउँपालिकाले यसै आ.व. देखि नै कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई गाउँपालिकाको मूल नीतिको रुपमा लिई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने छ,
- प्राकृतिक वातावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगमा जोड दिईने छ,
- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरणमैत्री बनाइने छ,
- जलवायु अनुकुलित गाउँपालिका प्रदुषण न्युनीकरण र दिगो विकासका लागि वातावरण मैत्री कार्यक्रमहरुलाई जोड दिइने छ ।

**जल उत्पन्न प्रकोप नियन्त्रणः-**

- बर्षाको समयमा हुन सक्ने बाढी पहिरो रोकथाम गर्नका लागि सचेतना कार्यक्रम तथा तत्काल उद्धारको लागि प्रयोग हुने सामाग्री र जनशक्तिको व्यवस्थापन गरिने छ ।

**विपद व्यवस्थापनः-**

- आकस्मिक रुपमा आइपर्न सक्ने विपद्को व्यवस्थापन गर्नको लागि समुदाय, सरोकारवाला संघ संस्थाहरुसँग समन्वय गरी विपद् पूर्वको तयारी, विपद् पश्चातको उद्धार कार्यक्रमहरु बनाई लागू गर्ने नीति लिइने छ,
- विपदको पूर्व तयारीका लागि १ देखि ८ नं. वडामा वडा स्तरीय विपत व्यवस्थापन समिति गठन गरिने छ ।
- गाउँपालिका भित्रका विपद् जोखिम क्षेत्रको अध्ययन गर्नका लागि विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिने छ।

उपस्थित महानुभावहरु,

अब म यस मोलुङ गाउँपालिकाको आ.व २०७८/०७९ को संस्थागत विकास तथा सेवा प्रवाह तर्फको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**मानव संसाधन विकासः-**

- सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगार बन्न आवश्यक तालिम प्रदान गरिने छ
- श्रम बजारको मागलाई आधार मानी आवश्यकता अनुरुपको जनशक्ति तयार गर्न उपयुक्त कार्यक्रमहरु तय गरी लागू गरिने छ ।

**सामान्य प्रशासन र सेवा व्यवस्थापनः-**

- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, चुस्त, गुणस्तरीय र नागरिक मैत्री बनाउने नीति लिइने छ,
- वर्षको एक पटक प्रत्येक वडाहरुमा घुम्ती सेवा प्रदान गर्ने नीति लिइने छ ।

**संस्थागत क्षमता विकासः-**

- समय सापेक्ष कर्मचारी र पदाधिकारीहरुको क्षमता विकासको लागि सयम समयमा तालिम, गोष्ठि, अभिमुखीकरणका कार्यक्रमहरु संचालन गर्ने नीति लिइने छ ,
- गाउँपालिका, वडा र विषयगत कार्यालयहरुमा सूचना प्रविधिमा आधारित उपकरणको व्यवस्था गरी सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने नीति लिइने छ ।

**राजश्व परिचालनः-**

- आ.व ०७८/०७९ देखि एकीकृत सम्पत्ति कर प्रणालीको अध्ययन गरी क्रमैसँग लागू गरिने छ,

- गाउँपालिकाको आन्तरिक आम्दानी बृद्धि गर्ने स्रोतहरुको पहिचान गरी राजश्वको परिचालन गरिने छ,
- नागरिकहरुमा कर तिर्ने बानीको विकास गरी राजश्व चुहावट गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ,
- निकासी कर, पटके कर, व्यवसायिक कर, ढुङ्गा गिटी र वालुवाको उत्खनन् र निकासीबाट राजस्व संकलन गर्ने कार्यलाई अझ व्यवस्थित बनाई निरन्तरता दिईने छ ।

**सुरक्षा व्यवस्थापनः-**

- गाउँपालिको केन्द्र, लगायत सुरक्षाको उच्च जोखिम रहेका क्षेत्रहरुमा सिसिटिभि क्यामरा जडान गरी आवश्यक निगरानी राखिने छ,
- चोरी, लागूऔषध तथा अन्य आपराधिक क्रियाकलापहरुलाई नियन्त्रण गर्न सुरक्षा निकायसँग समन्वय र सहकार्य गर्ने नीति लिइने छ।

**स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन :-**

- गाउँपालिकाको विभिन्न क्षेत्रसँग सम्वन्धित तथ्याङ्कहरु सङ्कलन कार्यलाई मूर्तरुप दिई गाउँपालिकाले निर्माण गरको पार्श्वचित्रलाई थप अध्यावधिक गरिने छ,
- पालिका र वडा स्तरीय अभिलेख व्यवस्थापन कार्यलाई प्रविधिमैत्री बनाईने छ ।

**सार्वजनिक सुनुवाई :-**

- गाउँपालिकाको सेवा प्रवाहको प्रभावकारिता र पारदर्शिता सम्वन्धमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाईको कार्यक्रम गर्ने नीति लिइने छ,
- कार्यालयको सुझाव पेटिका मार्फत प्राप्त गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्र्यौट गर्दै जाने नीति लिईने छ ।

**पञ्जीकरण व्यवस्थापन :-**

- व्यक्तिगत घटना दर्ता प्रत्येक वडा कार्यालयहरुमा अनलाइन प्रणाली मार्फत संचालन गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ,
- राष्ट्रिय परिचय-पत्र वितरणको लागि मोलुङ गाउँपालिकाको सेवा इकाईलाई व्यवस्थित गरिने छ ।

**सुशासन प्रवर्द्धन :-**

- कर्मचारीलाई सेवाप्रति लगनशील र कर्तव्यनिष्ठ बनाई जनमूखी सेवा प्रवाहमा जोड दिइने र यसको लागि दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइने छ,
- गाउँ कार्यपालिकाको कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन सुशासनका आधारभूत मान्यताहरुलाई आत्मसात गर्दै तदनुकूलको व्यवहार गर्दै लगिने छ,

- कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने तथा कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयार गरिने छ ।

**वेरुजु फछ्यौंट :-**

- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ,
- पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ,
- पुरानो पेश्की फछ्यौंट गर्ने र वेरुजु बाँकी रहेका व्यक्ति वा संघ संस्थाहरुलाई अविलम्व पेश्की फछ्यौंट गराउन आवश्यक पहल गरिने छ ।

**अन्य नीतिहरु :-**

- प्रत्येक विकास निर्माणका योजनाहरुको बिस्तृत परियोजना प्रतिवेदन तथा वातावरणीय प्रभाव प्रतिवेदन निर्माण गरी अगाडि बढाईने छ,
- यस गाउँपालिकाको वडा नं.२ मा रहेको शहिद पार्कलाई संरक्षण एवं सम्वर्द्धनमा बिशेष जोड दिईने छ,
- मोलुङ गाउँपालिका भित्र कार्यक्रम सञ्चालन गर्दै गरेका र कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेका विभिन्न गैर सरकारी संघ संस्थाहरुलाई गाउँपालिकाको अनुमति लिएर मात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ,
- साहित्य क्षेत्रको विकासका लागि मोलुङ साहित्य प्रतिष्ठानको स्थापना गरिने छ,
- युग कवि सिद्धिचरण श्रेष्ठको स्मृतिमा विभिन्न साहित्यिक गतिविधि संचालन गरिने छ,
- गाउँपालिका भित्रका कला, सँस्कृति र सृजनामा लागेका सर्जकहरु तथा बौद्धिक व्यक्तित्त्वहरुलाई सम्मान तथा पुरस्कृत गरिने छ ।

**उपस्थित महानुभावहरु,**

आ.व. २०७८/०७९ मा मोलुङ गाउँपालिकाको आय विवरण प्रस्तुत गर्ने अनुमति माग्दछु ।मोलुङ गाउँपालिकाको आ.व. २०७८/०७९ को बजेट सीमा देहाय बमोजिम रहेको छ।

(बजेट रु हजारमा )

| शीर्षक | आ.व. २०७८/७९ को अनुमान |
|---|---|
| आन्तरिक श्रोत | २२५० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ६४६९९ |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ३०९९० |

| | |
|---|---|
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | ३०९९० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २७१९ |
| संघीय सरकार | ३३५९०० |
| १३३११ समानिकरण अनुदान | ८३००० |
| १३३१२ शसर्त अनुदान चालु | २११८०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १६२०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १६६०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ८३०० |
| प्रदेश सरकार | १७८२८ |
| १३३११ समानिकरण अनुदान | ४६८७ |
| १३३१२ शसर्त अनुदान चालु | ३१४१ |
| १३३१६ समपुरक अनुदान चालु | १०००० |
| **कूल जम्मा** | ४२०६७७ |

गरी आ.व. ०७८/०७९ को जम्मा अनुमानित आय रु ४२ करोड ६ लाख ७७ हजार रहेको जानकारी दिलाउन चाहन्छु ।

अब म आर्थिक बर्ष २०७८।०७९ को लागि बिषयगत क्षेत्र अनुसार बजेट सिमा बारे जानकारी दिलाउन चाहन्छु ।

| **विषयगत महाशाखा, शाखा तथा वडा कार्यालय** | **विषय क्षेत्र अनुसार बजेट सीमा रकम** | | | | | |
|---|---|---|---|---|---|---|
| | **आर्थिक विकास** | **सामाजिक विकास** | **पूर्वाधार विकास** | **वन, वातावरण तथा विपद् व्यवस्थापन** | **सुशासन तथा संस्थागत विकास** | **जम्मा रकम** |
| प्रशासन, योजना तथा अनुगमन | | | | | ५०० | |
| पूर्वाधार विकास | | | ५९९८७ | | | |
| कृषि, पशुपक्षी विकास सहकारी | ३००० | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| उद्योग, पर्यटन र रोजगार | १००० | | | | | |
| वातावरण र विपद व्यवस्थापन | | | | ४००० | | |
| शिक्षा तथा मानव संशाधन | | १७५०० | | | | |
| स्वास्थ्य | | ३००० | | | | |
| सिंचाई | ८०० | | | | | |
| खानेपानी तथा सरसफाई | | १००० | | | | |
| महिला, बालबालिका र लक्षित वर्ग | | ३००० | | | | |
| युवा, खेलकुद, | | १००० | | | | |
| न्याय | | | | | १००० | |
| सूचना प्रविधि | | | ११०० | | | |
| कार्यालय सञ्चालन | | | | | | |
| अन्य पुँजिगत | | २००० | २००० | | १००० | |
| जम्मा | ४८०० | २७५०० | ६३०८७ | ४००० | २५०० | १०१८८७ |

आदरणीय उपाध्यक्षज्यू वडा अध्यक्षज्यूहरु, कार्यापालिका तथा गाउँ सभाका सदस्यज्यूहरु, र राष्ट्र सेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका प्रमुख, पार्टी प्रतिनिधिज्यू, पत्रकार मित्र तथा सम्पूर्ण मोलुङबासीहरुमा **"समृद्ध नेपाल सुखी नेपाली"** र **"कृषि पर्यटन हरियाली वन, समृद्ध मोलुङको खुसियाली मन"** को नारालाई आत्मसाथ गर्न साथ सहयोगको अपेक्षा गर्दै आर्थिक बर्ष २०७८/०७९ को बार्षिक नीति तथा कार्यक्रम समापन गर्दछु ।

धन्यवाद !

मणिराज राई
(अध्यक्ष)
मोलुङ गाउँपालिका

ईति सम्बत २०७८ साल असार १० गते रोज ५ शुभम् ।